**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरीएको विवरण देहाय बमोजिम रहेको छ।**

" आ. व. २०७७/७८ को प्रथम त्रैमासिक विवरण "

# कुमारी बैंक लिमिटेड

**(क) बैंकको स्वरुप र प्रकृति :**

कुमारी बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित एक "क" वर्गको वाणिज्य बैंक हो।

**(ख) बैंकको काम, कर्तव्य र अधिकार :**

कुमारी बैंक लिमिटेडको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिम रहेका छन्।

**(ग) बैंकमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

देवः विकास बैंकको प्राप्ती पश्चात यस बैंकमा हाल कार्यरत कर्मचारी संख्या **१७९९** रहेको छ। बैंकको व्यवस्थापन समूह, विभाग प्रमुख, शाखा प्रबन्धकहरुको कार्य विवरण समय समयमा बैंकले तोके बमोजिम हुने छ। व्यवस्थापन समूह र विभाग प्रमुखको जानकारी https://www.kumaribank.com/personal-banking/kbl-management-team मा लिन सकिनेछ।

**(घ) बैंकबाट प्रदान गरिने सेवा :**

कुमारी बैंक लिमिटेडले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरु रहेका छन्। साथै, बैंकले प्रदान गर्ने सेवाहरु जस्तै : निक्षेप/कर्जा/लगानी/अन्य सेवाहरु समय सापेक्ष परिमार्जन गरीएको सेवा सुविधाहरुको विवरण https://www.kumaribank.com/ उपलब्ध छ।

**(ङ) सेवा प्रदान गर्ने बैंकको शाखा र जिम्मेवार अधिकारी :**

देवः विकास बैंकको प्राप्ती पश्चात यस बैंकको हाल शाखा सञ्जाल **१८२** र **१३** एक्स्टेन्सन काउन्टरहरु रहेका छन्। उक्त शाखाहरुको जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट https://www.kumaribank.com/branch मा उपलब्ध छ।

**(च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

यस बैंकले प्रदान गर्ने विभिन्न सेवा शुल्क तथा अवधि यस बैंकको वेबसाईट https://www.kumaribank.com/ को "Service Charges" मा उपलब्ध छ।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकार :**

बैकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रीकृत संरचनाको व्यवस्था गरिएको छ। दैनिक कार्य संचालनका लागि बैंकको संचालक समितिले प्रत्योजन गर्ने अधिकार सिमामा रही निर्णय गर्ने अधिकार प्रमुख कार्यकारी अधिकृतसंग रहेको छ।

**(ज) निर्णय उपर उजूरी सुन्ने अधिकारी :**

निर्णय उपर उजूरी सुन्ने अधिकारीको व्यवस्था बैंकको संगठनात्मक संरचना अनुरुपनै विभिन्न तहमा रहने गरी मिलाइएको छ। साथै, बैंकको प्रत्येक शाखा कार्यालयहरुमा एउटा "सुझाव पेटिका"राखी गुनासो, उजुरी तथा सुझावहरु संकलन गरी नियमित रुपमा यस्ता गुनासा, उजूरी तथा सुझावहरु समाधान र कार्यान्वयन गर्ने गरिएको छ। केन्द्रीकृत रुपमा **प्रमुख जोखिम अधिकृत** उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ।

**नाम : श्री विकास खनाल**

**पद : प्रमुख जोखिम अधिकृत**

**सम्पर्क नम्बर : +९७७-१-४४४३०७५/४४४३०७९, एक्सटेन्शन : २८२**

**ईमेल : grievance@kumaribank.com**

**(झ) सम्पादन गरेको कामको विवरण :**

यस बैंकले, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “क” वर्गका वाणिज्य बैंकहरुले सम्पादन गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन गर्दै आईरहेको छ । उक्त सम्पादित कार्यहरु मध्ये केहीकामहरुको विवरण नमुनाको रुपमा बैंकको वेबसाईटको https://www.kumaribank.com/news लगायत अन्य खण्डहरुमा पाउन सकिनेछ ।

**(ञ) बैंकको प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारीको विवरण :**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :

**नाम :सुरेन्द्र भण्डारी**
**पद :प्रमुख कार्यकारी अधिकृत**
**सम्पर्क नम्बर : +९७७–१–४४४३०७५/४४४३०७९**

सूचना अधिकारीको नाम र पद :

**नाम : मनिष तिमिल्सिना**
**पद : नायब महाप्रबन्धक**
**सम्पर्क नम्बर : +९७७–१–४४४३०७५/४४४३०७९, एक्सटेन्शन : ३४१**
**ईमेल : information@kumaribank.com**

**(ट) बैंकले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

यस अवधिमा बैंकले कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त गरेको छैन तथा सो सम्बन्धी कुनै सम्झौता गरेको छैन ।

**(ठ) बैंकले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**

यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्यका साथै विभिन्न प्रकारका संस्थागत सामाजिक उत्तरदायित्व तथावित्तिय साक्षरता कार्यक्रम संचालन गर्दैआएको छ । संचालन गरीएको विवरण बैंकको वार्षिक प्रतिवेदन तथा बैंकको वेबसाइटमा उपलब्ध छन् ।

**(ड) बैंकले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

सूचना वर्गीकरण गरेको अवस्था नभएको, सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको ।

**(ढ) बैंकमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**

यो त्रयमासमा सूचनाको माग सम्बन्धी कुनै निवेदन नपरेको जानकारी गराउँदछौं।

**(ण) बैंकको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सोको विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईटमा समेत प्रकाशन गरिने व्यवस्था रहेको छ । साथै बैंकको आर्थिक विवरणहरु, ब्याजदर सम्बन्धी विवरणहरु आदि त्रैमासिक रुपमा विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा समेत प्रकाशित गरीदैं आएको छ । साथै, अन्य आवश्यक सूचना तथा विवरणहरु बैंकले राष्ट्रियस्तरको पत्रपत्रिकाहरुमा प्रकाशित गरी सर्वसाधारणलाई समयमै जानकारी गराउने गरेको छ ।

**(त) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय सञ्चालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

| | |
|---|---|
| १. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | ८. सुरक्षित कारोबार ऐन, २०६३ |
| २. नेपाल राष्ट्र बैंक ऐन, २०५८ | ९. करार ऐन, २०५६ |

| | |
|---|---|
| ३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | १०. विनिमय अधिकार पत्र ऐन, २०३४ |
| ४. कम्पनी ऐन, २०६३ | ११. विदेशी विनिमय -नियमित गर्ने) ऐन, २०१९ आदि |
| ५. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ | १२. उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु |
| ६. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग.) निवारण ऐन, २०६४ | १३. नेपाल राष्ट बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका एवम् परिपत्रहरु |
| ७. धितोपत्र सम्बन्धी ऐन, २०६३ | १४. नेपाल राष्ट्र बैंकबाट स्विकृत यस बैंकका विभिन्न विनियमावलीहरु |

**(थ)आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधित विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, बैंकको वेबसाईटको https://www.kumaribank.com/reportsखण्डमा समेत उपलब्ध छ ।

**(द)तोकिए बमोजिमका अन्य विवरण:**

नभएको ।

**(ध)अघिल्लो आर्थिक वर्षमा बैंकले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :**

यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्यका साथै विभिन्न प्रकारका संस्थागत सामाजिक उत्तरदायित्व तथा वित्तिय साक्षरता कार्यक्रम संचालन गर्दै आएको छ । संचालन गरीएको विवरण बैंकको वार्षिक प्रतिवेदन तथा बैंकको वेबसाइटमा उपलब्ध छन् ।

**(न)बैंकको वेबसाईट भए सोको विवरण :**

https://www.kumaribank.com/